# केशवराज ज्ञवालीको *मिल्खु* कथामा इमाइल दुर्खिमका सामाजिक तत्त्वहरूको प्रभाव

अम्बिका आचार्य
एमफिल शोध छात्रा - नेपाली
त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर
Ambika.ach1@gmail.com

**लेखसार**

प्रस्तुत लेखमा केशवराज ज्ञवालीको अर्को भोर कथा सङ्ग्रहमा सङ्गृहित कथा 'मिल्खु' लाई आधार बनाएर इमाईल दुर्खिम (सन् १८५८-१९१७ ) का सामाजिक तत्त्व सम्बन्धी मान्यताको सीमामा रही उपर्युक्त कथाको साहित्यिक विश्लेषण गरिएको छ । यस कथाका पात्रहरूको चरित्रले सामाजिक तथ्यको यथार्थतालाई व्यक्त गरेको छ । यो कथामा आएको कथावस्तुले तात्कालीन समयमा जुनबेला देश नै माओवादी गृह युद्धको भुमरीमा फसेको थियो, त्यसबेलाको सामाजिक वास्तविकता कस्तो थियो भन्ने यथार्थ ताराकान्त पाण्डेयको लेखबाट प्रमाणित हुन्छ "राज्य पक्षले यसलाई आतङ्कको संज्ञा दियो र यसका विरुद्ध प्रतिहिंसा र राज्य आतङ्कको सृष्टि गर्‍यो भने सामाजिक वास्तविकता वा स्तरमा पनि यसका पक्ष र विपक्ष वा समर्थन र विरोधका दुवै पक्ष र तज्जन्य व्यवहार देखापरे (पाण्डेय, ताराकान्त, पृ. ३)" । त्यसबेला मानिसहरूले कसरी प्रताडित हुनुपरेको थियो, त्यस बेलाको तथ्यगत सत्यलाई इमाइल दुर्खिमको आधारभूत मान्यताहरू भौतिक, सामाजिक तथ्य र अभौतिक सामाजिक तथ्य वा वास्तविकताका आधारमा दुई उपकरण वा मान्यताको प्रयोग गरी विश्लेषण गरिएको छ । साथै मानिस यान्त्रिक र जैविक ऐक्यवद्धताका कारण एकअर्कामा बाँधिएको हुन्छ । यान्त्रिक ऐक्यवद्धता भनेको नातासम्बन्ध, धर्म, आदर्श सामूहिक भाव हुन् भने जैविक ऐक्यबद्धता भन्नाले श्रमविभाजनका कारण एकअर्कामा आश्रित भई समाज एकीकृत हुनु हो । जसमा समाजका प्रत्येक सदस्यहरूका बिचमा अवश्यकता, उत्पादन र सीपको निर्भरता हुनु हो । यिनै मान्यता अनुसार कथाको मुख्य पात्र मिल्खु आफ्ना परिवारको पालन पोषणका लागि आर्मीमा जागिर खान सुदूर पश्चिमको कुनै एउटा सानो गाउँको बजार पुगेका थिए भने त्यस कथाका समाख्याता म पात्र पनि इन्जिनियर भएको अनि एउटा विकासे संस्थाबाट खटिएर सो ठाउँमा पुगेको हुनाले कथावस्तुको विस्तार १५

वर्ष अगाडिको घटनालाई स्मृतिपटलबाट अभौतिक वास्तविकताले दुःखी भएका म पात्रले मिल्खु पात्रको अवस्था र तात्कालीन समाजको सामाजिक वास्तविकताको प्रतीति गराएका छन् । यस कथामा माओवादी द्वन्द्वले सर्वसाधारणको चिन्ताजनक अवस्था नेपाल आर्मीका क्रियाकलापले पनि यिनै सर्वसाधारणप्रतिको अन्योलग्रस्त अवस्था अनि सरकारी वा गैर सरकारी कर्मचारीहरूको पनि भयभीत वा भयग्रस्त त्रिकोणी भयावह अवस्थाको विश्लेषण यान्त्रिक, जैविक र भौतिक अनि अभौतिक दुर्खिमको सामाजिक वास्तविकताको मान्यताको सिद्धान्तमा आधारित भएर विश्लेषण गरिएको छ ।

**शब्दकुञ्जी** - जैविक वास्तविकता, भौतिक सामाजिक वास्तविकता, अभौतिक सामाजिक वास्तविकता, त्रिकोणात्मक भय, वास्तविकताको प्रतीति ।

## विषय परिचय

प्रस्तुत अध्ययनको विषय केशवराज ज्ञवालीको मिल्खु कथामा प्रयुक्त सामाजिक वास्तविकताहरूको विश्लेषण र पात्रहरूको जीवनमा तिनले पारेको प्रभावको मूल्याङ्कन रहेको छ । इमाईल दुर्खिम (सन् १८५८-१९१७ ) का फ्रान्सेली समाजशास्त्री हुन् उनले सामाजिक वास्तविकता व्यक्तिले नभई समाजले चलाउँछ, व्यक्ति–व्यक्ति मिलेर समाज बने तापनि सामाजिक वास्तविकता व्यक्तिको चेतनाभन्दा बाहिरी वस्तु हो, समाजमा सामाजिक वास्तविकताको आभ्यास व्यक्तिका निम्ति बाध्यकारी हुन्छ भन्दै सामाजिक वास्तविकता सबै समाजमा स्वाधीन एवम् व्यापक भएर तथ्यका रूपमा रहने मान्यता व्यक्त गर्दै दुर्खिमले समाजमा व्यक्तिको यथार्थलाई प्रतिनिधित्व गर्ने मिथक, दन्त्यकथा, धार्मिक अवधारणा, नैतिक विश्वास आदि नै साहित्यका सामाजिक वास्तविकता हुन् भन्ने ठानेका छन् (दुर्खिम, सन् १९८२, पृ.४१ ) । यिनै तथ्यहरूले समाजका सम्पूर्ण व्यक्तिहरूलाई एकीकृत गर्न भूमिका खेल्दछ, भन्दै दुर्खिमले भौतिक र अभौतिक वास्तविकताको र यान्त्रिक र जैविक तत्त्वहरूको मान्यतालाई अघि सारेका छन् । “सामाजिक तथ्य भनेको व्यक्तिको व्यवहारलाई निर्देशित गर्ने र तिनको समाजको यथार्थलाई निश्चित आकार प्रदान गर्ने स्वाधीन मूल्य मान्यता हुन् ।” (एटम नेत्र, २०२५, पृ. १५) केशवराज ज्ञवालीको मिल्खु कथामा समाख्याता म पात्र इन्जिनियरको माध्यमबाट सामाजिक वास्तविकताका तथ्यहरू अभिव्यक्त गराएका छन् । ज्ञवालीले अर्को भोर (२०७८) कथा सङ्ग्रह प्रकाशित गरी यही कथा सङ्ग्रहबाट पद्मश्री पुरस्कार समेत प्राप्त गर्न सफल भएका थिए । यही कथा सङ्ग्रहमा सङ्ग्रहित कथा हो मिल्खु । यो कथा अर्को भोर कथा सङ्ग्रहको कथा क्रम अनुसार ११ औं कथा हो भने यस कथाको पृष्ठ १६१-१८७ सम्म रहेको छ । यस

कथामा माओवादी द्वन्द्वले निम्त्याएको त्रिपक्षीय वेदनाको भौतिक, अभौतिक, सामाजिक वास्तविकताको प्रयोगबाट विश्लेषण गरिएको छ ।

**समस्याकथन**

प्रस्तुत कथाले गृहयुद्धको भुमरीमा फसेका पात्रको सामाजिक वास्तविकताको यथार्थलाई यस कथामा व्यक्त गरेका छन् तर पनि यस्ता सामाजिक वास्तविकताका बारेका खासै कुनै पनि प्राज्ञिक अध्ययन नभएको हुँदा उक्त मिल्खु कथामा सामाजिक तथ्य वा वास्तविकताको प्रयोग गरी कथाका पात्रहरूको क्रियाकलाप, चिन्तन र मूल्यको गति र दिशाको औचित्यका बारेमा हुनुपर्ने अध्ययन रिक्त रहेकाले जिज्ञासा समाधानको लागि प्रस्तुत अध्ययन तयार गरिएको छ ।

१. मिल्खु कथामा पात्रहरूमा सामाजिक वास्तविकताको भौतिक अभौतिक तत्त्वहरूको प्रभाव कस्तो रहेको छ ?

२. मिल्खु कथा भित्रको वास्तविक सामाजिक चित्रण कस्तो छ ?

३. मिल्खु कथाले कस्तो सामाजिक वास्तविकता संग सम्वन्धित सन्देश दिएको छ ?

**उद्देश्य**

मिल्खु कथाले इमाईल दुर्खिमको सामाजिक वास्तविकताको मान्यताअनुसार समाजका मूल्य मान्यताहरूलाई कसरी उद्घाटित गरेको छ भन्ने प्राज्ञिक जिज्ञासा समाधान गर्ने क्रममा यस शीर्षकअन्तर्गत निम्न उद्देश्यहरू निर्धारण गरिएका छन् -

१. मिल्खु कथाका पात्रहरूको भौतिक र अभौतिक सामाजिक वास्तविकताले पारेको प्रभावको उजागर गर्नु ।

२. मिल्खु कथा भित्रको सामाजिक वास्तविकताको चरित्र चित्रण गर्नु ।

३. मिल्खु कथाको सामाजिक वास्तविकताले पात्रको माध्यमबाट दिएको सन्देशको प्रतीति गराउनु ।

**सीमाङ्कन**

प्रस्तुत कथा केशवराज ज्ञवालीको अर्को भोर कथा सङ्ग्रहमा सङ्ग्रहित कथा हो । यस कथामा फ्रान्सका समाजशास्त्री इमाइल दुर्खिमको सामाजिक वास्तविकताको मान्यताको मात्र खोजी गरी व्याख्या विश्लेषण गरिएको छ, साथै दुर्खिमको भौतिक र अभौतिक तत्त्वहरूको खोजी प्रस्तुत पात्रहरूमा गरिएको छ । यो

कथालाई अन्य दृष्टिकोणबाट पनि व्याख्या विश्लेषण गर्न सकिन्छ तर ती सबैलाई छाडी मात्र इमाइल दुर्खिमको सिद्धान्तको आधारमा विश्लेषण गरिएको छ ।

## अध्ययन विधि

प्रस्तुत लेखमा कथाकार ज्ञवालीको 'मिल्खु' कथामा प्रयुक्त सामाजिक वास्तविकताको औचित्य पुरा गर्नका लागि प्राथमिक सामाग्रीको सङ्कलन गरिएको छ । प्रकाशित, अप्रकाशित शोध तथा जर्नलहरूको पनि अध्ययन गरिएको छ ।

सैद्धान्तिक र प्रायोगिक पक्षका रूपमा द्वितीयक सामग्रीको सङ्कलन गरिएको छ । उपर्युक्त दुवै प्रकारका सामाग्रीहरूको समुचित प्रयोग गरी मिल्खु कथा भौतिक र अभौतिक सामाजिक तथ्यहरूको औचित्य उद्घाटन गर्न सामाजिक वास्तविकताका तथ्यहरूको सैद्धान्तिक ढाँचा तयार पारिएको छ ।

## सैद्धान्तिक ढाँचा

इमाईल दुर्खिम (सन् १८५८-१९१७) का फ्रान्सेली समाजशास्त्री हुन् । उनले साहित्यभित्र सामाजिक वास्तविकता रहने मान्यतालाई प्रस्तुत गरे । उनले समाज व्यक्ति, व्यक्तिबाट बनेको भएता पनि समाजमा व्यक्तिको अस्तित्व गौण रहेको हुन्छ । समाजमा सामूहिकताका नीतिनियमहरूको वर्चस्व रहेको हुन्छ कुनै व्यक्तिलाई समाजका त्यस्ता मूल्य मान्यताप्रति आपत्ति महसुस भएता पनि उसले ती मान्यताहरूलाई समाजको दवाबमा मान्नु पर्ने हुन्छ । तिनै मान्यताहरू नै सामाजिक वास्तविकताहरू हुन्। दुर्खिम, काँटेझैं समाजशास्त्रको पृथक् अस्तित्व छ भन्ने व्यक्ति हुन् । यिनले सामाजिक तथ्य (सोसियल फ्याक्टस्) लाई समाजशास्त्रको विषय माने । सामाजिक तथ्यहरू जति छन् त्यति नै समाजशास्त्रका शाखा हुन्छन् भन्ने यिनले खुलाए (पृ.१०५ कृष्ण गौतम)" दुर्खिम (१८५८–१९१७) का समाजशास्त्री हुन् । उनी साहित्यमा समाजशास्त्रको अध्ययनमा सामाजिक वास्तविकताको खोजी हुनुपर्छ भन्ने समाजशास्त्री हुन् । साहित्यको सामाजिक वास्तविकताभित्र भौतिक र अभौतिक वास्तविकता हुन्छ (सन् १९६० ईमाईल दुर्खिम) । ती वास्तविकताहरूको खोजी साहित्य कृतिभित्र गरिन्छ भन्दै सामाजिक वास्तविकतालाई भौतिक र अभौतिक गरी दुई वर्गमा विभाजन गरे ।

### अभौतिक वास्तविकता

दुर्खिमका मान्यताअनुसार सामाजिक वास्तविकता भन्नाले समाजमा भएका मूल्य र मान्यताहरू विश्वदृष्टिका रूपमा स्थापित भएका हुन्छन् । त्यस्ता अभौतिक मानवीय सम्बन्ध, नैतिक नियमन, सामाजिक चेतना, धर्म, सांस्कृतिक, परम्परा, आदर्श, रीतिरिवाज, चालचलन, नैतिक परम्परावादी अभौतिक वास्तविकताका

आधारहरू हुन् । तिनै आधाारहरूभित्र अभौतिक मान्यताहरूलाई व्यक्तिले नचाहँदा नचाहँदै पनि गर्न बाध्य हुन्छ किनकि मानिस सामाजिक दवाबमा परेको हुन्छ । त्यसैले उसले सामाजिक मूल्य र मान्यतालाई स्वीकार गर्ने पक्षमा रहँदा कतिपय तथ्यहरू आफूलाई गर्न इच्छा नभए तापनि सो कार्य गर्न बाध्य परिन्छ । सोही बाध्यतामा परेको व्यक्तिले सफाइ पाए तापनि उसको अभौतिक मनले सो कुरालाई स्वीकार गर्दै उसमा आत्मग्लानिको स्थिति पैदा भई आत्महत्या गर्न पनि पछि नपर्ने स्थिति देखा पर्दछ (२०६९ खतिवडा ) । भाग्यवादी (घातक) आत्महत्या त्यो अवस्था हो, जब समाजद्वारा बनाइएका कडा नियम, मापदण्ड र अन्य बाह्य कारकहरूले कुनै व्यक्तिमा अत्यधिक दबाब सिर्जना गर्छन्, जसका कारण त्यो अवस्थालाई व्यक्ति सहन सक्दैन र आत्महत्या गर्न बाध्य हुन्छ (सन् २०२४ शोध छात्रा शीतल पृ.३१) । यस्तो परिस्थितिमा व्यक्तिले आत्महत्या गर्ने अवस्था आउन सक्छ । दुर्खिमको अभौतिक मान्यता अधिक घातक हुने गर्दछ, जस्ले व्यक्तिको स्वतन्त्रताको हनन गरेर नैतिक दवाव दिएको हुन्छ । परिणामस्वरूप व्यक्ति भित्रभित्रै आत्मग्लानिको अवस्थामा पुग्दछ, कारण यदि उसले आफूले गरेको गल्तीबाट सफाइ पाए तापनि उसको अन्तरआत्माले सो तथ्यलाई स्वीकार गरेको हुँदैन । यिनै सामाजिक वास्तविकताहरूले व्यक्तिको अभौतिक अन्तरमनमा रहेर सधैं मनोवैज्ञानिक असर परेको हुन्छ । त्यही नै सामाजिक अभौतिक वास्तविकता हो (ई. १९८२, हरिश्चन्द्र उप्रेती ) । समाजको नितिनियम भनेको नै नैतिकता र अनुशासन हो, जसलाई धर्मका रूपमा ग्ररहण गरिएको हुन्छ त्यसमा स्वर्ग, नर्क, पाप, पुण्यका आध्यात्मिक दर्शनहरू आएका हुन्छन् यिनै धार्मिक, दर्शन र मान्यताहरूले समाजलाई परिचालन गरेका हुन्छन् । सामाजिक मूल्य र मान्यताभित्र रहेको धर्म, नैतिकता, आदर्शबाट व्यक्ति शासित भएको हुँदा सामाजिक एकता कायम गर्नका लागि नैतिकताको सृजना भयो र नैतिकता नै धर्म भयो यही धर्म, आदर्श, रीतिरिवाज, संस्कृतिले समाजलाई व्यवस्थित बनाएको हुन्छ, यही नै सामाजिक अभौतिक वास्तविकता हो (सन् २०१८ शम्भूलाल प्रकाश चन्द्र पृ.१५२–१५३) । यसरी दुर्खिमले अभौतिक वास्तविकताको सिद्धान्तलाई घातक ठानेझैं केशवराज ज्ञवालीको भोर कथा सङ्ग्रहमा सङ्ग्रहित कथा मिल्खुमा अभौतिक सामाजिक वास्तविकताको सिद्धान्त अनुसार आत्मग्लानिले सताएको कथावस्तु रहेको पाइन्छ ।

**भौतिक वास्तविकता**

दुर्खिमका अनुसार सामाजिक वास्तविकता अन्तर्गत नाता सम्वन्ध, पारिवारिक जिम्मेवारी, विवाह, सामाजिक संरचना, श्रमविभाजन संघ संस्था आदि भौतिक सामाजिक वास्तविकताका वस्तुहरू हुन् भने यसैभित्र पर्ने जनसंख्याको श्रमविभाजन पारस्परिक कार्यहरू, बसोबास यसका आधारहरू हुन् । यिनै वस्तु र

आधारहरूबाट नै भौतिक सामाजिक वास्तविकता बनेको हुन्छ । (सन् २००८ सी एन शंकर, राव पृ.७०८) । यिनै वास्तविकतालाई साहित्यिक कृतिभित्र खोजी गरिनु नै दुर्खिमको भौतिक सामाजिक वास्तविकताको सिद्धान्त हो । दुर्खिमको केन्दी्रय तर्क यो हो कि समाजमा केही भौतिक वास्तविकताहरू हुन्छन्, जुन सामाजिक तथ्यहरूमा अन्तर्निहित रहेका हुन्छन्, र ती वास्तविकताहरूले ती व्यक्तिहरूलाई आकार दिन्छन्, जसले समाजको निर्माण गरेका हुन्छन् (सन् २०२५)

दुर्खिमले भौतिक सामाजिक वास्तविकतालाई यान्त्रिक र जैविक गरी दुई वास्तविक भाव प्रार्दुभाव गरेका छन् ती हुन् यान्त्रिक भाव र जैविक भाव । यान्त्रिक भावभित्र नाता सम्बन्ध, सामूहिक भाव, धर्म, आदर्श, परम्परा आदि रहेको हुन्छ भने जैविक भाव भित्र श्रमविभाजन, कामको आधारमा एक्यवद्धता आदि रहेका हुन्छन् । यिनै कार्यबाट समाजको भौतिक सामाजिक वास्तविकता भित्र यान्त्रिक र जैविक भाव प्रादुर्भाव भई समाजमा कार्य गरेको हुन्छ । यसरी दुर्खिमको भौतिक सामाजिक वास्तविकताको खोजी तथा विश्लेषण केशवराज ज्ञवालीको मिल्खु कथामा गरिएको छ ।

## छलफल तथा नतिजा

केशवराज ज्ञवालीको मिल्खु कथा नेपालको सुदूरपश्चिमको एउटा सानो ग्रामीण परिवेशमा केन्द्रित कथा हो । यस कथामा समाख्याता म पात्र इन्जिनियर जागिरको सिलसिलामा विकाश बोर्डको कर्मचारीको हैसियतले उक्त ठाउँमा पुग्छन् अनि उनका आँखाले देखेका कुराहरू १५ वर्षपछि स्मृतिपटलबाट अभिव्यक्त गर्दछन् । कथाको नामकरण गरिएका मिल्खु पात्रप्रतिको उनको असहयोगको भावनाले उनी चिन्तित छन्, आत्मग्लानिले दुःखित छन् । यही सामाजिक वास्तविकताको अभौतिक तथ्य हो । यही अभौतिक तथ्यका वरिपरि मिल्खु पात्रलाई खडा गरी सामाजिक वास्तविकताको यथार्थ चित्रण गरिएको छ भने अर्कातिर समाजलाई त्रिकोणात्मक भयमा चित्रित गरिएको छ ।

### अभौतिक सामाजिक वास्तविकता

सामाजिक वास्तविकताका लागि जागिर खान पुगेका दुवै पात्र मिल्खु र इन्जिनियर अभौतिक तत्त्वबाट दुखित देखिन्छन् । जागिरका लागि सुदूर पश्चिमको ग्रामीण परिवेशमा पुगेका मिल्खु पात्र र म पात्र इन्जिनियर दुवै आ–आफ्नै पीडामा देखिन्छन् । समाजका लागि वा संस्थाका लागि आफ्नो आत्माले नसोचेको कार्य पनि भौतिक मजबुरीमा परेर गर्न बाध्यकारी बनाइएका हुन्छन् । यी पात्रहरू कथाको सुरुवातमा नै इन्जिनियर म पात्र – ‘मैले पढेको हो कतै । जब शान्त समुद्रको पिँधमा बसेको सिपीभित्र कुनै दुःख दिने तत्त्व छिर्छ । सिपीले हरेक क्षण भइरहने दुःखबाट बच्न त्यो तत्त्वको वरिपरि आफ्नो

शरीरबाट निस्कने रसको लेपहरू पोतिरहन्छ । यसरी वर्षौंसम्म दुःखबाट बच्ने प्रयास गर्दागर्दै एउटा आकर्षक र मूल्यवान् मोती जन्मिन्छ । लाग्छ हरेक मोतीको अन्तर्यमा एउटा दुःख छ । यसको सौन्दर्य त्यही दुःखसँगको निरन्तर सङ्घर्ष र विजयको प्रतीक हो । तर सधैं त्यस्तो नहुने रैछ । कमसेकम मेरो हकमा भएन (पृ.१६१) ।'

उपर्युक्त वर्णनबाट इन्जिनियरलाई सामाजिक अभौतिक वास्तविकताको दुःखले दमित बनाएको छ । सिपीले चाहिँ वर्र्षौंको दुःखबाट मोती निकाल्ने क्षमता राखे तापनि मानिसमा यी तथ्यहरू लागु हुँदैन, बरु अगाडि बढेर इन्जिनियर भन्दछन् उनको मनभित्रको दमित अभौतिक वास्तविकतालाई "वर्षौंदेखि मभित्र गढेर बसेको दुःख, जसलाई मैले सयौं मन पर्ने र नपर्ने सम्झनाका पत्रहरूले छोपेर राखेको थिएँ, अब केही दिनमै मैले त्यो दुख्ने बिन्दुसँग आँखा जुधाउनु पर्नेछ (पृ.१६१) ।" भन्दै १५ वर्ष अगाडिको घटनावस्तुको स्मृतिमा पुग्छन् । अभौतिक तत्त्वको शिकार भएका म पात्र इन्जिनियर मिल्खुको अनुरोधलाई बेवास्ता गर्न पुग्छन्, कारण आर्मी ब्यारेकमा हेलिकप्टर आउने हल्ला हुन्छ त्यही हेलिकेप्टरमा चढाएर दलु रोकायलाई शहर लगेर उपचार गराउने सोचमा हुन्छ तर उनको सोच व्यर्थै हुन्छ । त्यसमा मिल्खुले असहयोग गरेकाले उनलाई पनि मिल्खुलाई सहयोग गर्ने इच्छा नभएको भनी उनी भन्दछन् "मलाई मिल्खुको दुःखले छोएन । मैले चाहेको भए उसलाई एउटा ज्याकेट र झोला यसै दिन सक्थें । कर्मचारी प्रमाण–पत्र पनि बन्न सक्थ्यो । जसरी कति धेरै कुराहरू मिलाएर चलेको थियो । त्यसरी त्यो पनि मिल्दो हो । मैले पटक पटक त्यो किशोर, ती गाउँले र सबभन्दा बढी दलुलाई सम्झिरहें (पृ. १८२) ।" भन्दै मिल्खुको सहयोगलाई बेवास्ता गर्न पुगेका इन्जिनियर कालान्तरमा यही गल्तीको आत्मज्ञानले प्रताडित हुन्छ । त्यसबेला मिल्खुले पनि आफ्नो इच्छा भए तापनि व्यक्तिको सामाजिक वास्तविकताको अगाडि कुनै अस्तित्त्व हुने दुर्खिमको मान्यताझैं मिल्खु पनि बाध्यकारी भएको छ । आर्मीको अनुशासन भित्र रहेर १७–१८ वर्षको युवालाई पछाडि दुबै हात बाँधेर लैजादै गरेको ती युवाको अनुहारमा इन्जिनियरले 'चे बेभेरा' झैं महसुस गरेका पात्र अनि खेतीपातीको काम सकेर झोलामा पिठो र लुगाफाटो बोकेको व्यक्तिलाई आर्मीले दिएको दुःख आदिबाट मिल्खु पनि सायद दुःखी देखिन्छ । उसको कथाको अन्त्यको भनाइबाट मिल्खुको प्रतिक्रिया उद्धृत हुन्छ । "त्यो अक्कर हामी सबैका लागि थियो । कति आफूले गर्नुहुन्न जस्तो लाग्ने काम पनि गरियो । आफ्नै अगाडि छट्पटिएका मान्छेलाई जोगाउन सकिएन । धेरै घटनाले अहिले सम्म तर्साउँछन् (पृ.१८७)। " भन्दै अभौतिक सामाजिक वास्तविकताको भुमरीमा रुमलिएको पाइन्छ । इन्जिनियरलाई अब मिल्खुले आफूलाई बाबु, आमा र आठ वर्षकी छोरीको मुख हेर्न घर जाँदा बाटोमा

माओवादीले आर्मी भनेर चिनेको खण्डमा ठूलो यातना दिने कुरा गर्दै मिल्खुले भनेका थिए "सर मेरो छुट्टी मिल्यो म घर जान पाउने भएँ, मैले अस्तिनै भनेको सहयोग गर्दिनु पर्‍यो । उनले गोजीबाट सानोफोटो निकालेर मतिर बढाए, मैले घर नपुगी हुँदैन दुई दिन नहिँडी पुगिन्न । बाटोमा माओवादी चेकमा परियो भने काम लाग्छ । मिल्छ भने सरको अफिसको एउटा झोला पनि पाऊँ (पृ.१८२)" भन्दै परिचय पत्रको याचना गरेका थिए तर मिल्खुलाई इन्जिनियरले असहयोग गरेकाले त्यही अभौतिक आत्मग्लानिको वास्तविक तथ्यको भुमरीमा फसेका इन्जिनियर अगाडि सम्झन्छन्  "मिल्खु जी हाम्रो परिचय पत्र काठमाडौंमै बन्छ । यता बनाउन मिल्दैन, ज्याकेट र झोला हामीले तपाईँहरूलाई दिएको खबर बाहिर गयो भने एकदम गाह्रो पर्छ । अस्ति दलुको घटना थाहा पाइहाल्नु भो । म उठेर बाहिर निस्कैं (पृ.१८२) ।" फेरि त्यसैबेला मिल्खु बोल्दै थिए कि "मिलाउन नसक्ने कुरा थिएन । यतिले मेरो ज्यान बच्छ सर" तर म ढुङ्गा भएको थिएँ, त्यतिबेला कसरी पग्लिनु ? (पृ. १८३) ।" म पात्र इन्जिनियरको मिल्खुप्रतिको आक्रोश यति धेरै थियो मानौं यी सम्पूर्ण घटना त्यही मिल्खु पात्रको देन हो तर मिल्खु पनि सामाजिक वास्तविकताको चपेटामा पिल्सिरहेको थियो । एउटा साधारण परिवारको छोरो हो मिल्खु । मिल्खुको बालाई त्यसबेला इन्डियन धावक मिखा सिंहको गहिरो प्रभाव परेकाले आफ्नो छोराको नाम पनि मिखा राखेका थिए तर उनकी आमालाई यो मिखा नाम मन नपरेकाले उनले मिखालाई मिल्खु बनाएकी थिइन् भनेर मिल्खुले आफ्नो नामको कथा बारम्बार भन्ने गरेको पनि पाइन्छ । उनको पनि बाध्यता थियो तर त्यसबेला इन्जिनियरको मन पाषाण भैदियो, यही पाषाण हृदयको दमित कार्यले गर्दा उनी अभौतिक सामाजिक वास्तविकताको तथ्यले तड्पिरहेका छन् । केही समयपछि मिल्खुको सत्यताको नजिक पुगेका इन्जिनियर भित्रभित्रै पश्चात्तापको भुमरीमा परे, जब उनले हेलिकप्टरको यथार्थ थाहा पाए।  त्यो हेलिकप्टर हातहतियार लिएर आर्मी क्याम्प आउने रहेछ । त्यो कुरा अति गोप्य हुने रहेछ तर पनि मिल्खुले म पात्र इन्जिनियरसँगको अति नै आत्मीयताका साथ केही सामान चाहिएमा सहयोग गर्ने कुरा राखेको थियो तर इन्जिनियरले दलु रोकायलाई उपचाारको लागि काठमाडौं ल्याउन खोज्दा असहयोग भएको कुरा जिल्लाबाट आएका एक साथीले भने–

"सर तपाईले मिल्खु सँग हेलिकप्टरको कुरा गर्नु भा रैछ है दलुको घटनामा ।

'हो तर उनले सहयोग गरेनन् । '

सर तल झरेपछि अफिसमा आएका थिए । भन्थे त्यस घटनामा सरले मन दुखाउनु भयो होला ।"

'हो मैले एकदम आशा गरेर गएको थिएँ ।'

'भन्थे, त्यो एकदम गोप्य कुरा थियो । हतियार बोकेर आउने हेलिकप्टर । मैले त्यो कुरा बाहिर गरेको थाह भए, मलाई तत्कालै कारबाही हुन्थ्यो ।'

यसरी मिल्खु भौतिक कारवाहीमा पर्ने जोखिम एकातिर थियो भने अर्कातिर उनको जागिर पनि जान सक्ने स्थिति थियो । यसैले मिल्खुले दलु रोकायलाई हेलिकप्टरमा ल्याउने कुरालाई इन्कार गरेको रहस्य खुल्छ अनि इन्जिनियरको मनले केही राहत महसुस गर्छ तर तुरुन्तै तिनै व्यक्तिले मिल्खुको बारेमा घर जाँदा भएको घटनाको भौतिक सामाजिक वास्तवकिता व्यक्त गर्नासाथ समाख्याता म पात्र अभौतिक वास्तविकताको शिकार हुन पुग्दछन् । ती व्यक्तिले मिल्खुका बारेमा "सर उनी छुट्टीमा जाँदा बाटोमा माओवादीको चेकिङ्मा परेछन् । बन्चरोले एउटा खुट्टा काटिदिएको हल्ला चलेको थियो (पृ. १८३) ।" भन्ने वाक्यले इन्जिनियरले मिल्खुप्रतिको सम्पूर्ण प्रतिशोध बिर्सिएर ऊप्रति सहानुभूति व्यक्त गर्दै आफूले मिल्खुलाई असहयोग गरेको पीडाले भित्रभित्रै अत्यन्तै दुःखित हुन्छन् । यही दुःख नै दुर्खिमको मान्यताअनुसार अभौतिक वास्तविकता हो, जुन वास्तविकताले मानिसलाई भित्रभित्रै पीडित बनाएर आत्महत्या गर्न सक्ने अवस्थामासम्म पु¥याउन सक्छ । पुनः इन्जिनियर स्मृतिपटलमा जान्छन् र मिल्खुको वाक्य सम्झन पुग्छन् । "गरिबको छोरो । जागिर नखाऊँ पनि भएन (पृ.१८३) ।" यसरी इन्जिनियर मिल्खुको खुट्टा काटिनुमा आफ्नो दोष देख्छन् र अगाडि भन्छन् "उसको खुट्टामा बन्चरो मैले हानेको थिइनँ । मैले त्यसलाई रोक्ने सम्भावनालाई एउटा आवेगमा आएर लत्याइदिएको थिएँ । मैले उसले भनेको मानिदिएको भए, त्यो दुर्घटना रोकिँदो हो । मलाई मिल्खु र दलुको रगतको रङ् उस्तै लाग्यो (पृ. १८४)" भन्दै पश्चात्ताप गर्न पुग्छन् । यसरी पुनः इन्जिनियर यान्त्रिक वास्तवकिताको मान्यताअनुसार मिल्खुको बा, आमा, छोरी, श्रीमतीलाई सम्झन पुग्छन् । यी सबैको दुःखमा मेरो पनि अलिकति भाग छ, यो अपराधबोधको सामना गरिरहनु पर्ने छ मैले (पृ १८४) भन्दछन् । यसरी यिनै स्मृतिमा रहेका मिल्खु एकदिन उसको घरमा बहालमा बस्न आइपुग्छन् परिणामस्वरूप मिल्खु र इन्जिनियर बिच साक्षात्कार हुँदा मिल्खुको खुट्टा आफ्नो कारणले नभई बस दुर्घटना परेर भाँचिएको रहस्य खुलेपछि इन्जिनियरको मनको गाँठो पनि बिस्तारै चङ्गाको अल्झेको धागोझैं फुक्दै जान्छ र अन्त्यमा "मभित्र पसेको दुःख त भ्रम मात्र रहेछ । तर त्यो समयमा मरेका हजारौं मान्छेहरू सत्य हुन् । ती सबै दुःखहरू बिस्तारै बिस्तारै समयका पत्रहरूले छोपिँदै छन् । सिपीले जस्तो यी सबै दुःखलाई हाम्रो समाजले मोतीमा रूपान्तरण गर्छ कि गर्दैन ? यो प्रश्नको उत्तर अझ पनि भविष्यको गर्भमै छ (पृ.१८७ )" भन्दछन् र अन्त्यमा मिल्खुले पनि दुःखका कुरा नगरौं भन्दै पुरानो उनको नामको किस्सा दोहो¥याउन पुग्छन् । यसरी "मापदण्ड र मूल्यसम्बन्धी सामाजिक

तथ्यहरू समाजमा पालन होउन् भन्ने अपेक्षित नियम र विशेष गरी धर्म र संस्कृतिसँग जोडिएका मूल्यहरूलाई बुझाउँछन् (आलन, सन् २००५,पृ.१०२) ।" यस कृतिभित्र साामाजिक वास्तवकिताको तथ्यहरू खोजी गरी विश्लेषण गरिएको छ । अनि यस कथाका पात्र इन्जिनियरले १५ वर्षदेखि आफ्नो आत्मामा दमित रहेको अभौतिक सामाजिक वास्तविक पीडाबाट पार पाए । चङ्गाको अल्झेको डोरी सुल्झँदै गएझैं उनी पनि अभौतिक दुःखबाट मुक्त हुन्छन् ।

**भौतिक सामाजिक वास्तविकता**

भौतिक सामाजिक वास्तविकताको परिपूर्तिका लागि सुदूर पश्चिम नेपालको एउटा ग्रामीण बजारमा पुग्छन् । इन्जिनियर त्यस बजारको सामाजिक वास्तविकताको चरित्र चित्रण गर्दै गर्दा "माओवादी द्वन्द्व उत्कर्षमा पुगेको जसको परिणाम काम पाउन एकदमै गाह्रो (पृ. १६४) ।" भन्दै जागिरको सिलसिलामा विकास बोर्डको कर्मचारीको हैसियतले खानेपानी योजना र अन्य स-साना कामहरू मोटरबाटो आदि भौतिक संरचनाको निर्माणका लागि पुगेका छन् इन्जिनियर । "माओवादीको द्वन्द्वकालमा नेपाली जनताले अपार दुःख र कष्टका दिनहरू गुजार्नु परेको थियो सोझासाझा प्राध्यापक, शिक्षक, कर्मचारीहरूबाट अवैधानिक तरिकाबाट रकम असुल्ने काम गरिएको थियो, खेती किसानीको घर घेरेर बालीनाली लुट्ने, जवरजस्ती चन्दा असुल्ने, धम्क्याउने, शारीरिक तथा मानसिक कष्ट दिने कार्य गरिन्थ्यो (बम बहादुर, २०७८, पृ.८८१–८८२) ।" उक्त समाजमा माओवादीद्वारा भौतिक संरचना ध्वस्त पारिएको अवस्था एयरपोर्टको जलाइएको टावरले बोलिरहेको थियो । त्यस समाजमा आर्मीको क्याम्प पनि थियो । ती आर्मीले आउने जाने मानिसहरूको खानतलासी गर्दै नागरिकता नम्बर टिप्थे त्यहाँको सामाजिक भौतिक वास्तविकता यसरी उल्लेख गर्दछन् । "बन्दुक जसले बोके पनि त्यसले हावामा एक प्रकारको आतङ्क फैलाउँदो रहेछ । एकै क्षण अघिसम्म सामान्य गफगाफ गरेका मान्छे चेकपोस्ट लाइनमा बस्दा चुपचाप आतङ्कित भएर उभिन्थे, अकमकाएर बोल्थे । आफैले बाँधेका झोला सैनिकहरूले खोलखाल पार्दा सशङ्कित देखिन्थे (पृ.१६५) ।" यसरी त्यो समाज त्यस बेलाको आतङ्कबाट यति धेरै निरीह थियो, मानौँ उसले संसारमा सबैभन्दा ठुलो गल्ती आफ्नो देशको नागरिक हुनमा गरिरहेको छ, यो देशमा जन्म लिनमा गरिरहेको छ । यसरी आर्मीबाट प्रताडित सामाजिक वास्तविकता देखाइएको छ भने त्यही समाजमा फेरि अर्को सामाजिक वास्तवकिता देखापरिरहेको छ त्यो माओवादीका विद्रोही सेनाहरूको भन्दै इन्जिनियर म पात्र अगाडि भन्दछन् - आर्मीहरू प्रश्न सकिएपछि बाटो लाग्न दिन्थे, विद्रोहीहरू भने आफ्ना निश्चित शब्दावली सहितको भाषण सुनाउँथे र

अन्त्यमा आर्थिक सहयोग माग्थे । बन्दुकले अरूलाई आतङ्क दिए पनि बोक्नेहरूको अनुहारमा भने एउटा रोबको छाया दिन्थ्यो ।

यसरी सामाजिक भौतिक वास्तविकताका अनुसार एकातिर आर्मीको आतङ्क, अर्कातिर माओवादीको आतङ्क र तेस्रो पक्ष आर्थिक आतङ्कका कारण नै आफ्नो भौतिक आवश्यकता परिपूर्तिका लागि त्यस ठाउँमा पुगेका छन् कथाका पात्र मिल्खु र इन्जिनियर मिल्खुको परिवारमा बाबु, आमा, श्रीमती र सानी छोरी रहेका छन् भने समाख्याता पात्र इन्जिनियरको श्रीमती रहेको देखाइएको छ । भरखरै इन्जिनियर पास गरेका म पात्र अर्थको जोहोका लागि त्यस परिवेशमा पुगेका छन् भने मिल्खु पनि आर्थिक जोहोका लागि त्यस परिवेशमा पुगेका हुन् । यसरी यस कथामा भौतिक वास्तविकताका लागि आफ्नो ज्यान जोखिममा राखेको देखिन्छ भने माओवादीद्वारा भर्खरै बनेको पानीको पाइप काटेको, भौतिक क्षति गरेको कुरा पनि देखाइएको छ । “अफिसमा एक एक गरी गाउँलेहरू आउन थाले, सबैको अनुहारमा एकखालको उदासी थियो । हिजोसम्म पानी आउला भनी खुसी भएका मान्छेहरू एकाएक जिल्लिएका थिए (पृ.१७५) ।” यसरी त्यसबेला मााओवादी द्वन्द्वको भौतिक क्षतिले त्यो समाज प्रताडित भइरहेको थियो भने मानवीय क्षति पनि माओवादीबाट सुराकीको नामबाट भैरहेको थियो । आफ्नो भौतिक अवस्थाका लागि जागिर खान गएका दलु रोकायलाई माओवादीहरूले सुराकी गरेको आरोपमा मुसल लगाएर मारेको तथ्यले त्यस बेलाको सामाजिक वास्तवकिता अझ आतङ्कित देखिन्छ । मुसल लगाउनु एकदम डरलाग्दो हुँदो रैछ । दुवै खुट्टामाथि काठको मोटो घारो राखेर, त्यसैको दुई छेउमा मान्छे उभिएर गुडाउँदै तल, माथि सार्दा रैछन् । दुई मान्छेको तौलले पिडौंला तिघ्रा र घुँडा पेलिंदा मासु र हड्डी पटपटी फुट्ने रहेछ । यसरी समाज त्रिकाणात्मक चपेटामा परेको दुर्खिमको सामाजिक भौतिक वास्तवकिता तात्कालीन समाजमा रहेको पाइन्छ ।

## निष्कर्ष

प्रस्तुत अध्ययनबाट कथाकार केशवराज ज्ञवालीको मिल्खु कथामा सामाजिक वास्तविकताका भौतिक सामाजिक तथ्यहरू नेपालको सुदूरपश्चिमको गाउँ रहेको छ जुन गाउँले सहरका रूपमा कम्पाउन्डर, डाक्टरका रूपमा रहेका छन् भने मिल्खु उपल्लो दर्जाका मेजरका आदेशमा रहेका छन् । मिल्खुलाई आफ्नो श्रमको जोहो गर्नका लागि भौतिक तथ्यसँग सङ्घर्षशील रहेको देखाइन्छ भने यता इन्जिनियर पनि भौतिक संरचना बनाउनका लागि त्यस ठाउँमा पुगेका छन्, दुवै पात्र भौतिक वास्तवकिताको घेरामा रहेका छन् भने समाज माओवादी द्वन्द्वको वास्तवकितासँग जुधिरहेको छ । त्यही समाजका अभौतिक

आत्मग्लानिको पिरोलोले छट्पटिएका इन्जिनियर छन् । मिल्खुलाई सहयोग नगरेबापत उनको मनमा अभौतिक तत्त्वको हावी देखिन्छ भने मिल्खु पनि नचाहँदा नचाहँदै माथिल्लो दर्जाका आदेशका कारण अभौतिक तत्त्वको शिकार भएको स्वीकारोक्ति गर्दछन् र अन्त्यमा सम्पूर्ण रहस्य १५ वर्षपछाडि समाख्याता पात्र इन्जिनियरको घरमा बस्न आएका मिल्खु सँगको भेटबाट अन्त्य भएको साहित्य कृतिको घटनालाई सामाजिक वास्तविकताको भौतिक र अभौतिक तत्त्वद्वारा विश्लेषण गरिएको छ ।

**सन्दर्भसामग्री**


अधिकारी, बम बहादुर (२०७८), *नेपालको बृहत् इतिहास,* पदम कुमारी पौडेल ।

अलान, केनेथ (सन् २००५), *याक्सप्लोरेसन्ज इन क्लासिकल सोसियोलजिकल थियरी* - सिइङद सोसियल बरल्ड पाइन पाइन फ्रोज प्रेस ।

एटम, नेत्र *kaladarpan* / volume : 5/N0.: /2025, January, pages 13-23

खतिवडा, विश्वराज (२०६९), *गुरुप्रसाद मैनालीका कथामा सामाजिक वास्तविकता,* त्रिभुवन विश्वविद्यालय, नेपाली केन्द्रीय विभाग (अप्रकाशित दर्शनाचार्य शोध प्रबन्ध) ।

गौतम, कृष्ण (२०६७), *उत्तरआधुनिक संवाद,* भृकुटी ऐकेडेमिक पब्लिकेसन ।

ज्ञवाली, केशवराज (२०७८), *अर्को भोर,* शिखा बुक्स ।

दुर्खिम इमाइल (सन् १९६०), *द डिभिजन अफ लेबोर इन सोसाइटी* (अनु.जर्ज सिम्प्सन), (फोर्थ इम्प्रेसन), द फ्री प्रेस अफ ग्लेन्को ।

दुर्खिम एमिल और सामाजिक तथ्यों की परिघटना : एक गहन अन्वेषण Revised July 13, 2025, from https; /testbook.com/hi/las-prereration/emile -durkeims-social facts.

दोषी, शम्भुलाल र प्रकाशचन्द्र जैन (सन् २०१८) *इमाइल दुर्खिम समाजशास्त्रीय अध्ययन,* रावत पब्लिकेसन्स पृ. १५२

पाण्डेय, ताराकान्त, *छापामारको छोरा कथाको समाजशास्त्र विश्वदृष्टिका परिप्रेक्ष्यमा मार्क्सवाद,* सांस्कृतिक अध्ययन तथा साहित्यको समाजशास्त्र (पृ. १७—२६)

राव, सी एन शंकर (सन् २००८), *प्रिन्सपल्स अफ सोसियोलजी विथ एन इन्ट्रोडक्सन टु सोसियल थट* (छैटौं संस्करण), एम चन्द्र एण्ड कम्पनी लिमिटेड पृ. ७०८

शीतल, समाजशास्त्र और राजनीति विज्ञान विभाग समाज विज्ञान सङ्काय दयालबाग एजुकेशनल इन्स्टिच्युट *Alochana journal* (page 404-413)